मन्थली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
मन्थली, रामेछाप,
बागमति प्रदेश

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

## सिलबन्दी बोलकबोल सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०८/२१**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ(२) मा भएको व्यवस्था अनुसार यस मन्थली नगरपालिकाले उठाउन पाउने आ.व. २०८०/०८१ का लागि आन्तरिक श्रोत अन्तर्गत तपसिल बमोजिमको कम्प्लेक्स भवनको ठेक्का बन्दोवस्तद्वारा गराउनु पर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही सिलबन्दी बोलकबोल आवेदन फाराम नगर कार्यपालिकाको कार्यालय, मन्थली, रामेछापबाट खरिद गर्न र सोह्रौ दिन दिनको १२:०० बजेभित्र सिलबन्दी बोलकबोल अङ्क पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम अंक (भ्याट बाहेक) | फर्म दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ६ | ०४/MM/RS/ २०८०-८१ | मन्थली नगरपालिका वडा नं. १ ट्राफिक चोक अगाडीको कम्प्लेक्स भवनको ६ वटा सटर | ५०,००० ।- प्रति महिना | ५००।- | |
| | | | | | |

**ठेक्का शर्त तथा बन्देजहरु :-**

१. इच्छुक योग्य बोलपत्रदाताहरूले माथि उल्लेखित नगद दस्तुर (फिर्ता नहुने) नगदै बुझाई सक्कल नगदी रसिद साथ फर्मको हकमा आ.ब. २०८०/०८१ को लागि नविकरण भएको इजाजत-पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७९/०८० को करचुक्ता गरिएको प्रमाणको प्रतिलिपि अथवा म्याद थप पत्रको प्रतिलिपि र सक्कल अख्तियारीनामा वा व्यक्तिको हकमा स्थायी लेखा नं. को प्रतिलिपि र नागरिकताको प्रतिलिपी संलग्न राखी बोलपत्र उपलब्ध गराउन यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले अन्तिम दिन दिनको ४:०० बजे सम्ममा लिखित निवेदन दिएर वोलकवोल फाराम खरिद गर्न सकिनेछ।
२. जसको नाममा वोलकवोल खरिद गरिएको हो सोही व्यक्ति वा फर्मले मात्रै फाराम दाखिला गर्नु पर्नेछ।
३. घरभाडामा लिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको २५% धरौटी राख्नु पर्नेछ। धरौटी वापत रकम मन्थली नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैक, मन्थली शाखामा रहेको १६८०१००३०३००००२ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सहित सम्लग्न गरि शिलवन्दी वोलकवोल माथि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र ठेकेदार प्रतिनिधिको रोहवरमा खोलिनेछ। शिलबन्दी वोलकवोल दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी फाराम खोल्न बाधा पर्ने छैन।
४. शिलवन्दी वोलकवोल दर्ता गर्ने र खोल्ने मितिमा सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ।
५. शिलवन्दी बोलपत्र फाराममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ। दररेटको अंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
६. ठेकेदारले कवोल गरेको रकम तीन किस्तामा बुझाउनु पर्नेछ। सम्झौता गर्न आँउदा प्रथम किस्ता वरावरको रकम नगदै वा मन्थली नगरपालिकाको रा.वा बैंक मन्थलीको आन्तरिक आय खाता नं. १६८०१००३०१०१०००२ मा जम्मा गरि बुझाउनु पर्नेछ।
७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्थली नगरपालिका नगरकार्यपालिकामा निहित रहनेछ।
८. ठेक्का सम्झौता हुँदा ठेक्का अंकको पूरै रकम कार्यालयमा दाखिला गरेमा बढीमा १० प्रतिशतसम्म छुट दिन सकिने छ।
९. यस ठेक्काको सूचना मन्थली नगरपालिकाको *Website: manthalimun.gov.np* मा समेत हेर्न सकिनेछ।
१०. उक्त कम्प्लेक्समा दैनिक प्रयोग हुने खानेपानी, विद्युत महसुल ठेक्का लिने पक्षले बुझाउनु पर्ने।
११. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम नगरपालिकाको निर्णय अनुसार हुनेछ।
१२. खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन वोलकवोल फाराम खोलिने छ।

प्रमुख प्रशासकिय अधिकृत